यस व्यास नगरपालिकाको १६४ औं बैठक आज मिति २०८०/१/२१ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ उ | पस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | अनुपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री गंगालाल सुवेदी | उपस्थित |
| का.वा. अध्यक्ष व्यास ८ | श्री रामप्रसाद मिश्र | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: २०७९/१२/१९ को कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२: आ.व. २०८०/०८१ को वार्षिक बजेट तयार पार्ने सम्बन्धमा ।

प्रस्ताव नं.३: प्रतिनिधि तोक्ने सम्बन्धमा ।

प्रस्ताव नं.४: वैदेशिक रोजगार कार्यक्रम मापदण्ड, २०७८ संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.५: सितला प्रा.वि. कक्षा सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं.६: क्रमागत योजनाको रकमान्तर सम्बन्धमा ।

प्रस्ताव नं.७: दरबन्दी स्थानान्तरण सम्बन्धमा ।

प्रस्ताव नं.८: हालसम्मको आयव्यय खर्च सम्बन्धमा ।

प्रस्ताव नं.९: प्र.अ.नियुक्ति अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं.१०: मतदाता शिक्षा स्वयंसेवक भत्ता सम्बन्धमा ।

प्रस्ताव नं.११: घर निर्माण सम्पन्न दिने सम्बन्धमा ।

प्रस्ताव नं.१२: भारतमा हुने कार्यक्रममा भाग लिन जाने सम्बन्धमा ।

प्रस्ताव नं.१३: उद्योग, व्यवसाय दर्ता नवीकरण सम्बन्धमा ।

प्रस्ताव नं.१४: वडागत मासिक बैठक बस्ने सम्बन्धमा ।

प्रस्ताव नं.१५: मादीनदी तटबन्ध सम्बन्धमा ।

प्रस्ताव नं.१६: छाब्दी बसपार्कको पार्किङ्ग शुल्क उठाउने सम्बन्धमा ।

प्रस्ताव नं.१७: ढुङ्गा, गिट्टी, बालुवाको राजश्व संकलन सम्बन्धमा ।

प्रस्ताव नं.१८: मालपोत कार्यालयलाई रकम उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.१९: विद्यालय अनुगमन समिति सम्बन्धमा ।

प्रस्ताव नं.२०: बालबिकास शिक्षक सम्बन्धमा ।

प्रस्ताव नं.२१: अपाङ्गता श्रोत केन्द्र लेखाजोखा शिक्षक सम्बन्धमा ।

प्रस्ताव नं.२२: प्रदेश सरकारसँग बुद्धसिं मार्ग अन्तर्गत पुल निर्माण माग सम्बन्धमा ।

प्रस्ताव नं.२३: अत्यावश्यक कार्यमा बजेट विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं.२४: बेरुजु फछ्र्यौट सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/१२/१९ गते भएको कार्यपालिका बैठकका निर्णहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय योजना आयोगबाट तयार पारिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ लाई मार्गदर्शन मानी यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तयारी प्रकृया अघि बढाउने निर्णय गरियो । साथै उक्त मार्गदर्शन समेतका आधारमा निम्नानुसार बजेट तयारी कार्यतालिका निर्माण गरी अघि बढ्ने निर्णय गरियो ।

**बजेट तर्जुमा २०८०/०८१ को कार्यतालिका :**

| क.सं. | विषय | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १. | उद्योग वाणिज्य क्षेत्रसँग परामर्श | २०८० बैशाख भित्र | राजश्व परामर्श समिति |
| २. | आन्तरिक श्रोतको अनुमान तयारी | २०८० जेष्ठ ५ भित्र | राजश्व परामर्श समिति |

| | | | |
|---|---|---|---|
| ३. | अनुमानित बजेट र सीमा निर्धारण | २०८० जेष्ठ १० भित्र | श्रोत अनुमान तथा सीमा निर्धारण समिति |
| ४. | बस्ती टोलस्तर र शाखाबाट योजना छनौट | २०८० जेष्ठ २० भित्र | वडा समिति तथा कार्यालय |
| ५. | वडा र शाखा अन्तर्गत योजना प्राथमीकरण निर्धारण गरी पेश गर्ने | २०८० जेष्ठ २५ भित्र | वडा समिति तथा कार्यालय |
| ६. | एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा - आर्थिक विधेयक, विनियोजन विधेयक तयार गरी पेश गर्ने | २०८० आषाढ ५ गतेभित्र | -विषयगत समिति<br>-बजेट तर्जुमा समिति |
| ७. | कार्यपालिकाबाट बजेट स्वीकृत सभामा पेश | २०८० आषाढ १० गतेभित्र | कार्यपालिका |
| ८. | बजेट, बार्षिक विकास कार्यक्रम मध्यकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन, तथा विनियोजन ऐन, राजपत्रमा प्रकाशित गर्ने | २०८० आषाढ मसान्तभित्र | नगर सभा |
| ९. | बजेट पुस्तिका तयारी छपाई | २०८० श्रावण १५ भित्र | प्रमुख प्रशासकीय अधिकृत |

**बजेट तयारी गर्दा निम्न विषयगत क्षेत्रलाई प्राथमीकरण गर्नु पर्नेछः**

(१) **आर्थिक विकासः** कृषि, सिँचाई, पशु विकास, पर्यटन, उद्योग तथा बाणिज्य, सहकारी तथा वित्तीय सेवा उपक्षेत्र । दिगो विकासका लक्ष्यः १, २, ८, १० ।

(२) **सामाजिक विकासः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सँस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, संरक्षण, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक आदि उपक्षेत्र । दिगो विकास लक्ष्यः ३, ४, ५, ६ ।

(३) **पूर्वाधार विकासः** सडक तथा पुल, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, सञ्चार आदि उपक्षेत्र । दिगो विकास लक्ष्यः ७, ९, ११ ।

(४) **वन, वातावरण तथा विपद व्यवस्थापनः** वन, भू तथा जलाधार संरक्षण, जलवायु परिवर्तन अनुकुलन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद जोखिम न्यूनीकरण र व्यवस्थापन, वातावरण तथा फोहोर मैला व्यवस्थापन आदि उपक्षेत्र । दिगो विकास लक्ष्यः १२, १३, १५ ।

(५) **सु-शासन तथा संस्थागत विकासः** संगठन तथा मानव संशाधन, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तीय व्यवस्थापन, नागरिक सन्तुष्टि, सर्वेक्षण तथा सामाजिक उत्तरदायित्व, आन्तरिक र अन्तिम लेखापरीक्षण, सेवा प्रवाह, सूचना प्रविधिको प्रयोग, अन्तर निकाय समन्वय आदि उपक्षेत्र । दिगो विकास लक्ष्यः १६, १७ ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा भानु नगरपालिका वडा नं.५ स्थायी ठेगाना भई हाल व्यास व्यास न.पा.वडा नं.२ बस्ने भरत पोखेल निवेदक व्यास नगरपालिका समेत विपक्ष भएको निषेधाज्ञा मुद्दामा व्यास नगरपालिकाको तर्फबाट लिखित जवाफ लेखी श्री तनहुँ जिल्ला अदालतमा दर्ता गर्न र मुद्दाको पूपक्ष गर्नका लागि व्यास नगरपालिकामा कार्यरत सरसफाई व्यवस्थापक श्री कल्पनादेवी पौडेल ( पन्थ) लाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा ''वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रम मापदण्ड" २०७८ लाई संशोधन गर्ने निर्णय गरियो । संशोधित

मापदण्ड अनुसार अनुदान वितरण प्रकृया अघि बढाउन सम्बन्धित समितिलाई निर्देशन दिने निर्णय गरियो ।

“वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रम मापदण्ड २०७८” को दोस्रो संशोधन

| मापदण्डमा भएको | मापदण्डमा हुनुपर्ने (संशोधन, हटाइएको, थप गरिएको |
|---|---|
| १. मापदण्डको दफा २ (घ) “सदस्य” भन्नाले यस मापदण्डको दफा नं.८ मा रहेको समितिको सदस्य सम्झनु पर्छ । | “सदस्य” भन्नाले यस मापदण्डको दफा ९ मा रहेको समितिको सदस्य सम्झनु पर्छ । |
| २. मापदण्डको दफा २ (झ) “शाखा” भन्नाले नगरपालिका अर्न्तगतका कृषि, पशु, उद्योग पर्यटन, महिला तथा वालबालिका शाखा एवं उपशाखा सम्झनु पर्छ । | “शाखा” भन्नाले यस नगरपालिका अन्तर्गत उद्योग, पर्यटन, श्रम तथा रोजगार प्रवर्द्धन शाखा सम्झनु पर्छ । |
| ३. मापदण्डको दफा २ (ट) “संयोजक” भन्नाले यस मापदण्डको दफा नं.८ मा रहेको समितिको संयोजक सम्झनु पर्छ । | “संयोजक” भन्नाले यस मापदण्डको दफा ९ मा रहेको समितिको संयोजक सम्झनु पर्छ । |
| ४. उद्देश्यः नगरपालिकाको कूल जनसंख्याको करिव १०.८० प्रतिशत भन्दा बढी जनसंख्या वैदेशिक रोजगारमा रहेको तथ्यांक उल्लेख भएको पाइन्छ । हाल केही वर्षयता विश्वभर फैलिएको कोभिडका कारण वैदेशिक रोजगारमा गएकाहरु स्वदेश फर्की आफूले प्राप्त गरेको सिप प्रयोग गरी रोजगार सृजना गरेका र गर्न खोजेको पाइन्छ । उनीहरुले आफुले रोजेको र आफुसँग भएको ज्ञानलाई प्रयोग गरी व्यवसाय सञ्चालन गर्न नगरपालिकाबाट केही बिऊ पूँजीको रुपमा आर्थिक सहयोग प्राप्त भएमा त्यस्ता उद्यामीहरुले आय आर्जन गर्न सक्नेछन् भने समग्र नगरपालिकालाई समेत उद्योग, कृषि, पशुपंक्षी पालन र स-साना घरेलु उद्योग सञ्चालन गरी आफ्नो नगरपालिकामा बिकी वितरण गर्न सक्ने छन् भन्ने अपेक्षा राखिएको छ । | उद्देश्यः नगरपालिकाले उद्देश्य प्राप्तिका लागि निम्न कार्यहरु सञ्चालन गर्नेछः<br>(१) पुनः एकीकरण कार्यक्रम सञ्चालन गर्नेः वैदेशिक रोजगारीबाट फर्केका नेपाली नागरिकको सिप, पूँजी र प्रविधिलाई उपयोग गर्न तथा त्यस्ता नागरिकको पुनः एकीकरण गर्नका लागि नगरपालिकाले सामाजिकीकरण कार्यक्रम, रोजगारीमा आवद्धता हुने कार्यक्रम र उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्नेछ ।<br>(२) सामाजिकीकरण कार्यक्रमः उपदफा (१) बमोजिमको सामाजिकीकरण कार्यक्रम सञ्चालन गर्दा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई समाजमा अन्तर्घुलन गराउनका लागि त्यस्ता नागरिक तथा निजको परिवारका सदस्य समेतको सहभागितामा पारिवारिक तथा सामाजिक मेलमिलाप, मनोसामाजिक परामर्श, नेतृत्व विकास, सामाजिक सञ्जाल निर्माण तथा स्वयंसेवक परिचालन जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।<br>(३) रोजगारीमा आवद्धता हुने कार्यक्रमः उपदफा (१) बमोजिम रोजगारीमा आवद्धता हुने कार्यक्रम सञ्चालनका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको सिप परीक्षण तथा प्रमाणीकरण, श्रम बजारको आवश्यकतामा आधारित व्यवसायिक र व्यवस्थापकीय सिपमूलक तालिम प्रदान, परम्परागत रुपमा सञ्चालित पेशाको आधुनिकीकरण तथा बजारको माग र व्यक्तिको क्षमता अनुरुप रोजगारीको व्यवस्था गर्न सहजीकरण गरिने छ ।<br>(४) उद्यमशीलता प्रवर्द्धन हुने कार्यक्रमः उपदफा (१) |

| | |
|---|---|
| | बमोजिम उद्यमशीलता प्रवर्द्धन हुने कार्यक्रम सञ्चालन गर्दा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, ज्ञान, प्रविधि र अनुभवको सदुपयोग गर्दै त्यस्ता व्यक्तिको वित्तीय साक्षरता र पहुँचमा वृद्धि गर्न प्राविधिक र व्यवस्थापकीय रुपमा सहयोग गरी एकल वा समूहमा आधारित स्वउद्यममूलक कार्यक्रम सञ्चालन गरिने छ ।<br>(५) उपदफा (४) बमोजिम उद्यमशीलता प्रवर्द्धन हुने कार्यक्रम सञ्चालन गर्दा संघ र प्रदेश सरकारसँग समन्वय गरी नवीनतम ज्ञान र सिपमा आधारित व्यवसाय स्थापना र सञ्चालनका लागि वैदेशिक रोजगारीबाट फर्केको व्यक्तिलाई अनुदान र सहुलियत व्याजदरमा उद्यमी कर्जा प्रवाह गर्न वा त्यस्ता व्यक्तिले उत्पादन गरेका वस्तु वा सेवालाई प्रदर्शनी वा बिक्री वितरणका लागि औद्योगिक मेला, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा प्राथकिता प्रदान गर्न सकिने छ । |
| ५. मापदण्डको दफा ४ (घ) (१) नगर क्षेत्र भित्र स-साना होटल व्यवसाय, किराना पसल, इलोक्ट्रोनिक एवं मोवाइल मर्मत पसल, स-साना कस्मेटिक पसल जस्ता व्यवसाय, तरकारी फलफूल पसल, माछा मासु पसल सञ्चालन गरेको वा गर्नका लागि कार्य योजना बनाई पेश भई नगरपालिकामा व्यवसाय अनिवार्य दर्ता गर्नु पर्दछ । **नोटः** यस अनुदान प्राप्त गर्नका लागि नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनु पर्दछ भने दर्ता नभएको वा नगरेको हकमा कम्तिमा १ वर्ष अगाडिबाट उक्त व्यवसाय सञ्चालन गर्दै आएको भए तापनि व्यवसाय दर्ता गर्नु पर्दछ । | नगर क्षेत्र भित्र स-साना होटल व्यवसाय, किराना पसल, कृषि औजार, मल बिऊ विषादी पसल, भेटेरिनरी पसल, इलोक्ट्रोनिक एवं मोवाइल मर्मत पसल, स-साना कस्मेटिक पसल जस्ता व्यवसाय, तरकारी फलफूल पसल, माछा मासु पसल सञ्चालन गरेको वा गर्नका लागि कार्य योजना बनाई पेश भई नगरपालिकामा व्यवसाय अनिवार्य दर्ता गर्नु पर्दछ । |
| ६. मापदण्डको दफा ४ (घ) पछि (ङ) थप | (ङ) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिले नगरपालिकासँग सहयोग लिनुपूर्व अनुसूची १ बमोजिम सम्बन्धित शाखामा निवेदन दिनु पर्नेछ । |
| ७.मापदण्डको दफा ५ (ज) यस अनुदान प्राप्त गर्नका लागि सामान्यतः वैदेशिक रोजगारबाट फर्केको १० वर्ष भन्दा बढी अवधि नाघेको हुने छैन तर ३ वर्षभन्दा बढी समयदेखि निरन्तर व्यवसाय गर्दै आएको रहेछ भने १० वर्ष अवधि नाघेको भएपनि व्यवसाय प्रवर्द्धनका लागि अनुदान दिन सकिने छ । | हटाइएको |
| ८. मापदण्डको दफा ६. (झ) निवेदन | अनुसूची २ बमोजिमको निवेदन |
| ९. मापदण्डको दफा ७ (क) नगरपालिकाको कृषि, पशु तथा सहकारी विकास शाखाले आवश्यक | नगरपालिकाको सम्बन्धित शाखाले आवश्यक कागज पत्रको अध्ययन गरी आवश्यकता अनुसार स्थलगत |

| | |
|---|---|
| कागज पत्रको अध्ययन गरी शाखाको राय सहित वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई अनुदान प्रदान गर्ने सिफारिस समिति समक्ष पेश गरिने छ। | अनुगमन समेत गरी शाखाको राय सहित वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई अनुदान प्रदान गर्ने सिफारिस समिति समक्ष पेश गरिने छ। |
| १०. मापदण्डको दफा ७ (ग) “यस अनुदान कार्यक्रममा सहभागी हुनका लागि २५ वर्ष पूरा भई ५५ वर्ष ननाघेको हुनु पर्नेछ”। | हटाइएको |
| ११. मापदण्डको दफा ८ (छ) पछि (ज), (झ) र (ञ) थप | (ज) तालिम तथा अभिमुखीकरण कार्यक्रम गर्न सकिने: वैदेशिक रोजगारबाट फर्किएका रिटर्नी तथा वैदेशिक रोजगारमा आवद्ध घरपरिवारका सदस्यहरुलाई घरेलु रोजगार तथा वैदेशिक रोजगारमा जानको लागि सहजीकरण गर्ने उद्देश्यले आवश्यकता अनुसारका तालिम तथा अभिमुखीकरण गर्न सकिने छ।<br>(झ) यस अनुदान कार्यक्रमका उद्यमी सदस्यहरुको विभिन्न प्रकृतिका आ-आफ्नो व्यवसायमा निरन्तरता दिई वर्षेनी व्यवसाय वृद्धि र विस्तार भएको देखिएमा निरन्तर वा खण्डित रुपमा गरी बढीमा ३ आर्थिक वर्षसम्मका लागि अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन । तर एउटै आर्थिक वर्षमा नगरपालिकाले उपलब्ध गराउने अनुदानमा दोहोरो नपर्ने गरी मात्र उपलब्ध गराइने छ।<br>(ञ) अनुदानका लागि उद्यमीहरु छनौट गर्दा उद्यमीहरुको स्तर मापन गर्नका लागि निश्चित मापदण्ड सहितको फाराम बनाई स्थलगत निरीक्षणबाट मूल्यांकन गरिने छ। उक्त मापदण्डको दफा (९) (१) बमोजिमको गठित समितिले निर्धारण गर्नेछ। |
| १२. मापदण्डको दफा ९. समिति गठनः (१) वैदेशिक रोजगार रिटर्नी अनुदान उपलब्ध गराउनका लागि देहाय बमोजिमका सदस्य रहने गरी ९ जनाको एक सिफारिस समिति रहने छ।<br>(क) प्रमुख -संयोजक<br>(ख) उपप्रमुख -सदस्य<br>(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य<br>(घ) कार्यपालिका सदस्यहरुमध्ये १ महिला सहित २ जना -सदस्य<br>(घ१) आन्तरिक लेखा परीक्षण शाखा प्रमुख -सदस्य<br>(ङ) उद्योग तथा पर्यटन शाखा प्रमुख -सदस्य<br>(च) वित्त व्यवस्थापन शाखा प्रमुख -सदस्य<br>(छ)<br>(ज) कृषि, पशु तथा सहकारी विकास शाखा प्रमुख -सदस्य सचिव | समिति गठनः (१) वैदेशिक रोजगारबाट फर्की यस नगरपालिकामा अनुदान लगायतका सहयोग लिन चाहनेहरुलाई अनुदान वा सहयोग उपलब्ध गराउन निम्नानुसार समिति रहने छः<br>(क) संयोजक -प्रमुख<br>(ख) सह-संयोजक -उपप्रमुख<br>(ग) सदस्य -प्रमुख प्रशासकीय अधिकृत<br>(घ) ,, संयोजकले तोकेको नगर कार्यपालिकाको १ महिला सहित २ जना सदस्य<br>(ङ) ,, आन्तरिक लेखा परीक्षण शाखा प्रमुख<br>(च) ,, आर्थिक प्रशासन शाखा प्रमुख<br>(छ) ,, संयोजकले तोकेको उद्योग वाणिज्य क्षेत्रको स्थानीय प्रतिनिधि १ जना<br>(ज) ,, न्यूनतम २ वर्ष वैदेशिक रोजगारी गरी फर्केका व्यक्तिहरु मध्येबाट संयोजकले तोकेको १ जना<br>(झ) सदस्य सचिव -उद्योग, पर्यटन, श्रम रोजगार प्रवर्द्धन शाखा प्रमुख |

| | |
|---|---|
| १३. मापदण्डको दफा ११ (५) पछि (६) थप | नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार वोर्डको सचिवालयबाट जारी गरिएको वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ लाई कार्यक्रम सञ्चालन गर्दा आधार मानिने छ । |
| १४.<br><br>थप | अनुसूची १<br>(दफा ४ (ङ) सँग सम्बधित)<br>लाभग्राहीमा सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा<br>श्रीमान् रोजगार संयोजकज्यू,<br>रोजगार सेवा केन्द्र,<br>व्यास नगरपालिका, तनहुँ ।<br>विषयः लाभग्राहीमा सूचीकृत गरी पाउँ ।<br>उपर्युक्त सम्बन्धमा म ...... वैदेशिक रोजगारीको क्रममा ..... देश गई ..... रोजगारीको सिप/ज्ञान हासिल गरी नेपाल फर्की पुनः एकीकरण कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले लाभग्राहीमा सूचीकृत हुनका लागि यो निवेदन पेश गरेको छु ।<br>१. निवेदकको<br>(क) नाम, थर :<br>(ख) स्थायी ठेगाना :<br>(ग) अस्थायी ठेगाना :<br>(घ) राहदानी नं. :<br>(ङ) नागरिकता नं. :<br>(च) श्रम स्वीकृति लिएको मिति :<br>(छ) काम गर्न गएको मिति :<br>(ज) रोजगारीको लागि गएको देश :<br>(झ) सहजीकरण गर्ने वैदेशिक रोजगार व्यवसायीको नाम :<br>(ञ) नेपाल फर्किएको मिति :<br>(ट) रोजगारीको प्रकार :<br>(ठ) हासिल गरेको सिप/ज्ञान :<br>(ड) करार अवधि :<br>(ढ) सहभागी हुन इच्छुक पुनः एकीकरण कार्यक्रमको प्रकार :<br>(ण) मनोसामाजिक परामर्श आवश्यक पर्ने/नपर्ने :<br>२. बाबु/आमाको नाम :<br>३. पति/पत्नीको नाम :<br>४. संलग्न कागजातहरु :<br>माथि पेश गरेको विवरण ठीक साँचो छ । फरक पर्न गएमा कानुन बमोजिम सहुँला बुझाउँला ।<br><br>निवेदक |

| | |
|---|---|
| | हस्ताक्षर<br>दायाँ बायाँ नाम, थर :<br>जिल्ला : तनहुँ<br>निवेदन दिएको मिति : न.पा : व्यास<br>सम्पर्क नं.: वडा नं.: |
| १५. मापदण्डको अन्तिम पृष्ठको वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुले स्वरोजगार अनुदान प्राप्त गर्नका लागि पेश गर्ने दरखास्त फाराम<br>**तपसिलका विवरणहरु**<br>(१) निवेदकको नाम थरः ........................<br>(२) निवेदकको स्थायी ठेगानाः ...................<br>(३) निवेदकको हालको ठेगानाः ................<br>(४) व्यवसायको नामः ........................<br>(५) व्यवसाय भएको ठेगानाः व्यास न.पा. वडा नं. . टोलः ..<br>(६) व्यवसायको प्रकृतिः  कृषि व्यवसाय /पशुपंक्षी व्यवसाय /घरेलु उद्योग (चिन्ह लगाउने)<br>(७) उत्पादन हुने वस्तुः ...............................<br>(८) अनुमानित उत्पादन हुने परिमाणः ............<br>(९) व्यवसाय सञ्चालन भएको कूल क्षेत्रफलः ....<br>(१०) व्यवसायमा संलग्न सदस्यहरुः<br>(क) महिलाः ..... ख) पुरुषः ....... जम्माः .....<br>(११) व्यवसायको प्रकृतिः नयाँ/पुरानो **(चिन्ह लगाउने)**<br>(१२) कुन देशमा काम गरी फर्किएको देशको नामः .......<br>(१३) विदेशमा काम गरेको अनुभव एवं तालिमः .............<br>(१४) व्यवसायमा कूल लगानी<br>(क) रु...........<br>(ख) अनुदान माग गरेको रु. ......<br>जम्मा रु. ......<br>(१५) स्वयं आफै बिक्री गर्न सकिने/बजारमा लैजान नसकिने **(चिन्ह लगाउने)**<br><br>निवेदकको दस्तखतः<br>मितिः<br>सम्पर्क नं.: | अनुसूची २<br>(दफा ६ (झ) सँग सम्बधित)<br>वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान प्राप्त गर्नका लागि पेश गर्ने दरखास्त फाराम<br>**तपसिलका विवरणहरु**<br>(१) निवेदकको नाम थरः .......................<br>(२) निवेदकको स्थायी ठेगानाः ..................<br>(३) निवेदकको हालको ठेगानाः ................<br>(४) व्यवसायको नामः ...........................<br>(५) व्यवसाय भएको ठेगानाः व्यास न.पा.वडा नं. .. टोलः .<br>(६) व्यवसायको प्रकृतिः  कृषि व्यवसाय/ पशुपंक्षी व्यवसाय /घरेलु उद्योग (चिन्ह लगाउने)<br>(७) उत्पादन हुने वस्तुः ...........................<br>(८) अनुमानित उत्पादन हुने परिमाणः ........<br>(९) व्यवसाय सञ्चालन भएको कूल क्षेत्रफलः ..<br>(१०) व्यवसायमा संलग्न सदस्यहरुः<br>(क) महिलाः ..... ख) पुरुषः ....... जम्माः .....<br>(११) व्यवसायको प्रकृतिः नयाँ/पुरानो **(चिन्ह लगाउने)**<br>(१२) कुन देशमा काम गरी फर्किएको देशको नामः .....................<br>(१३) विदेशमा काम गरेको अनुभव एवं तालिमः ...........<br>(१४) व्यवसायमा कूल लगानी (क) रु...........<br>(ख) अनुदान माग गरेको रु. ......<br>(१५) स्वयं आफै बिक्री गर्न सकिने/बजारमा लैजान नसकिने **(चिन्ह लगाउने)**<br><br>निवेदकको दस्तखत :<br>मिति :<br>सम्पर्क नं. : |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास १३ मा रहेको सितला प्रा.वि.मा विद्यार्थी अभाव भएकाले बालविकास कक्षालाई मात्र निरन्तरता दिई त्यस विद्यालयमा भएको बढी जनशक्तिलाई अन्य विद्यालयमा स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७९/०८० मा क्रमागत योजनाको भुक्तान गर्न कठिनाई भएकाले केन्द्र सरकार समपूरक योजना बजेट शिर्षक नं. ९२६ को टेण्डर प्रकृया अघि बढिरहेको भएतापनि सबै रकम खर्च हुने अवस्था नभएकाले हालको लागि उक्त योजनामा लागत सहभागिता भनी नगरपालिकाबाट राखिएको रकम रू.२,१०,००,०००/- (दुई करोड दश लाख) क्रमागत योजनाको भुक्तानीका लागि खर्च लेख्ने र आगामी नगरसभाबाट अनुमोदन हुने गरी पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा हुँदा अमरसिंह मा.वि. व्यास ११ मा करार गणित दरबन्दीमा रहनु भएका शिक्षक श्री बाबुराजा वाग्लेलाई दरबन्दी सहित सिद्धेश्वरी मा.वि. व्यास १२ मा स्थानान्तरण गर्ने र सिद्धेश्वरी मा.वि.मा भएको मा.वि. गणित राहत दरबन्दी विद्यालयको सहमतिमा अमरसिंह मा.वि. व्यास ११ मा स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक बर्षको अनुमानित आय-व्यय रू.१,७१,६५,०९,०००/- मध्ये आन्तरिक आय तर्फ २०८०/१/२० गतेसम्मको रू.११,०८,५८,८६१/५८ समेत संचित हुने रू.२६,३९,४९,६८३/९८, संघ र प्रदेश सरकारबाट प्राप्त समानीकरण, सशर्त बजेट तर्फको रू.७१,३३,६८,३५२/७० समेत जम्मा यथार्थ आय रू.९७,७३,१८,०३६/६८ र व्यय तर्फ चालु खर्च रू.५७,८६,२७,७२५/४०, पूँजिगतको रू.२५,३४,९३,५००/- समेत जम्मा खर्च रू.८३,२१,२१,२२५/४० भएको बैठमा जानकारी प्राप्त भई आय-व्यय र चालु तथा पूँजिगत क्रमागत योजनाहरुको समिक्षा गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा सत्यवती मा.वि., व्यास- २ मा प्र.अ. श्री पुष्पकला भट्टराई र जलदेवी मा.वि., व्यास- १ मा प्र.अ. श्री पिताम्बर सिग्देललाई सम्बन्धित विद्यालय समितिबाट सिफारिस भए अनुसार बाँकी अवधिका लागि प्रधानाध्यापक पदमा गरिएको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा मिति २०८० बैशाख १० गते हुने प्रतिनिधि सभा सदस्य उपनिर्वाचन २०८० को लागि जिल्ला निर्वाचन कार्यालय, तनहुँले १२ वटा वडामा २/२ जनाका दरमा ७/७ दिनका लागि २४ जना मतदाता शिक्षा स्वयंसेवक स्वास्थ्य स्वयंसेवकबाट खटाइएकोमा दैनिक रू.१,०००/- का दरले प्रति व्यक्ति रू.७,०००/- ले हुने जम्मा रू.१,६८,०००/- निर्वाचन आयोगको निर्णयानुसार स्थानीय पालिकाले भुक्तान गर्ने भन्ने भएबाट २२२ शिर्षकबाट खर्च लेख्ने गरी रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा नगर क्षेत्रमा घर बनाउने क्रममा नाली, बाटोको सरसफाई र भत्किएको सम्बन्धमा गुनासो आएकोले घर सम्पन्न प्रमाण पत्र दिनु पूर्व अनिवार्य रुपमा अनुगमन गरी वडाको सिफारिस पश्चात् मात्र सम्पन्न प्रमाणपत्र दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा भारतको "National Institute of urban Affairs (NIVA) ले २०८० जेष्ठ ४ र ५ गतेका लागि आयोजना गरेको "Training Regional Workshop on Accessing Climate Finance" कार्यक्रममा व्यास नगरपालिकाको तर्फबाट योजना तथा पूर्वाधार विकास शाखाका प्रमुख वरिष्ठ ईन्जिनियर डा. राजु पौडेललाई सहभागी हुन पठाउने निर्णय गरियो । उक्त कार्यक्रममा आयोजकले आते-जाते, खाने- बस्ने व्यवस्था गरेको जानकारी प्राप्त गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा नगर क्षेत्रभित्र सञ्चालित विभिन्न उद्योग, व्यवसाय दर्ता तथा नविकरण गर्ने कार्य अभियानका रुपमा सञ्चालन गर्ने कार्य अघि बढाउन उद्योग पर्यटन शाखा र राजश्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा वडा कार्यालयले वडा क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु लगायत क्रियाशिल निकायहरुसँग मासिक रुपमा बैठक बस्ने व्यवस्था गरी गतिविधिको नियमन र कार्य प्रगति बारे छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा मादिनदी किनारामा भएको तटबन्ध निर्माण कार्यमा स्थानीय श्रोत साधन (ढुङ्गा) प्रयोग गरेको पाईएकोले नगरपालिकाको आर्थिक ऐन, बमोजिम लाग्ने रोयल्टी रकम सम्बन्धित पक्षबाट प्राप्त गर्नका लागि जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय एवं सम्बन्धित निर्माण व्यवसायीलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा छाब्दी मन्दिर बस पार्किङ्ग व्यवस्थापनका लागि पटक-पटक टेण्डर गर्दा समेत कसैबाट पनि ठेक्का स्वीकार गर्न नआएकाले नगर प्रहरी समेत कार्यालयकै कर्मचारीबाट दैनिक शुल्क उठाउँदा प्राप्त आय र खटिएको कर्मचारीको खाना, खाजा खर्चको मूल्याङ्कन गर्दा उपलब्धीपूर्ण नदेखिएकाले स्थानीय व्यक्ति, संघ/संस्थासँग पार्किङ्ग शुल्क उठाउने सम्झौताका लागि सूचना प्रकाशित भएकोमा नगरपालिकाकै रसिद प्रयोग गरी तोकिएको दरमा पार्किङ्ग शुल्क उठाउने र नगरपालिकामा जम्मा गर्ने सबै भन्दा बढी ५०% आम्दानी नगरपालिकामा जम्मा गर्न मञ्जुर व्यास न.पा. वडा नं. १ छाब्दी निवासी बसुन्धरा कंडेललाई मिति २०८०/१/१८ देखि लागू हुने गरी पार्किङ्ग शुल्क उठाउने जिम्मा दिइएको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा मादिनदीको गिट्टी, बालुवा निकासी गर्दा लिइने राजश्व संकलन गर्नका लागि अतिरिक्त सुविधा दिई नगर प्रहरी खटाईएकोमा नगर प्रहरी जवान विञ्जु अधिकारी र नगर प्रहरी जवान गोविन्द नेपालीको कार्य सम्पादनका विषयमा शंकास्पद गतिविधि देखिएको र पेश गरेको स्पष्टिकरण सन्तोषजनक नभएको हुँदा थप छानविन गर्नुपर्ने भएकोले पत्र बुझाएको मितिले १५ (पन्ध्र) दिनको लागि नसिहत स्वरुप निलम्बन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा मालपोत कार्यालय, तनहुँमा सेवाग्राहीको अत्यधिक भिडभाड भएको र सेवाग्राहीले सेवा लिदा कठिनाई महशुस गरेकाले कार्यालयमा फर्निचर, पानी टंकी, फाइल र्‍याक, ट्रस निर्माण गरी सहज सरलरुपले सेवा प्रवाह गर्न रकम माग गरेकाले कार्यालय व्यवस्थापनका लागि मालपोतबाट प्राप्त राजश्व मध्येबाट रू.५,००,०००/- (पाँच लाख) नियमानुसार खर्च गर्न उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयको अनुगमन गरी राय प्रतिवेदन पेश गर्न निम्नानुसार अनुगमन समिति गठन गर्ने निर्णय गरियो । साथै विद्यालय अनुगमन मापदण्ड समेत पारित गर्ने निर्णय गरियो ।

(१) संयोजक श्री नारायणदत्त पौडेल – निवृत्त शिक्षक
(२) सदस्य श्री एक बहादुर गुरुङ्ग – सत्यवती मा.वि., व्यास २
(३) सदस्य श्री मुक्ती रेग्मी – माहेन्द्री मा.वि., व्यास ६

**निर्णय नं. २०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा निम्न लिखित विद्यालयमा हाल बाल विकास शिक्षक नभएको देखिंदा बाल विकास शिक्षक दरबन्दी कायम गरी सो प्रकृयाको शिक्षक नियुक्ति गर्न सम्बन्धित विद्यालयलाई अनुमती दिने र उक्त विद्यालयमा स्वयंसेवी शिक्षक भएमा अन्यत्र स्थानान्तरण वा सोही शिक्षकलाई बालविकास शिक्षक कायम गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो । सो दरबन्दीमा संघीय दरबन्दी कायम नहुँदासम्म नगरपालिकाबाट पारिश्रमिकको व्यवस्था गर्ने निर्णय गरियो ।

१. शंकर आधारभूत विद्यालय, व्यास ६
२. देउराली प्राथमिक विद्यालय, व्यस ६

३. पद्यम प्रा.वि., व्यास ५
४. शहिद धर्म आ.वि., व्यास ८
५. अमरसिंह मा.वि., व्यास ११
६. छाब्दी बाराही आधारभुत विद्यालय, व्यास १२
७. क्यामिनकोट मा.वि. व्यास ७

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा अपाङ्गता भएका विद्यालयहरुको लेखाजोखा तथ्याङ्क अध्यावधिक गर्न सिद्धबेनी आधारभुत विद्यालयमा सञ्चालित श्रोत कक्षा शिक्षक श्री फल बहादुर थापालाई अर्को व्यवस्था नहुँदासम्म विद्यालय शिक्षक कायम राखी लेखाजोखा केन्द्र संयोजकमा कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा बुद्धसिंह मार्ग गण्डकी प्रदेश सरकार अन्तर्गत भएकाले उक्त मार्ग अन्तर्गत अत्यावश्यक भएका निम्न स्थानमा मोटरेवल पुल निर्माणका लागि DPR समेत गरी गराई निर्माण प्रकृया अघि बढाउन गण्डकी प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

१. छाब्दीखोला दोभान पुल २५ मिटर (बेलीव्रिज भएको स्थान)
२. सुढेखोला पुल २५ मिटर
३. ढाँडखोला पुल २५ मिटर
४. खानीखोला पुल ६० मिटर (धरमपानी ढापटार नजिक)
५. बकेखोला पुल ६५ मिटर (कुञ्चिलाको फेद)
६. भुतखोला पुल ६० मिटर (आँबुखैरेनी)

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा विपदजन्य एवं अत्यावश्यक निम्न कामका लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | नाम, थर | वडा नं. | रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | एकल महिला छलिमाया नेपाली | १ | ५०,०००। | २३८ |
| २. | उदय मा.वि. खानेपानी पाइप खरिद | ५ | १,००,०००। | ९२३ |
| ३. | शिवलाल श्रेष्ठ विपद परी ४ बाखा मरेको | ६ | २०,०००। | विपद |
| ४. | नरङ्गा कलेस्ती कुलो मर्मत | ७ | ४०,०००। | ९२० |
| ५. | गजौडे पुरानोगाउँ नारायणचौर वैकल्पिक बाटो स्तरोन्नति | ९ | ७५,०००। | विपद |
| ६. | गोलटारी खानेपानी योजना CRS सँग सहकार्य | ९ | १,००,०००। | ९२३ |
| ७. | परेवारह दुम्सी दरैगाउँ लिफ्टिङ्ग सिँचाई पम्पहाउस निर्माण | १० | १,३३,०००। | ९२० |
| ८. | बासपानी सिलखान खानेपानी योजना मोटर खरिद | ११ | २,००,०००। | ९२३ |
| ९. | चन्द्रबहादुर गुरुङ्ग घर संरक्षण | ११ | ४०,०००। | विपद |
| १०. | केत्रसात खानेपानी योजना मोटर खरिद | १२ | ५५,४००। | ९२३ |
| ११. | कमलबारी चिसापानी व्यास १ जोड्ने पुल मर्मत | १२ | ९०,०००। | विपद |

| | | | | |
|---|---|---|---|---|
| १२. | बेलवास खानेपानी योजना मर्मत | १३ | २६,७४०। | ९२३ |
| १३. | टेकबहादुर आले सिँचाई पाइप खरिद | १३ | ३०,०००। | ९२० |
| १४. | रोनीशा राना मगर छात्रवृत्ति आदिकवि भानुभक्त क्याम्पस | १३ | १५,०००। | १९९ |
| १५. | कमलबहादुर सार्की छात्रवृत्ति आदिकवि भानुभक्त क्याम्पस | १ | १५,०००। | १९९ |
| १६. | दरै उत्थान राष्ट्रिय महाधिवेशन | १ | ५०,०००। | २४६ |
| १७. | जिल्ला खेलकूद विकास समिति राष्ट्रपति रनिङशिल्ड | ३ | १,००,०००। | २४९ |
| १८. | सचिन स्मृति दौड प्रतियोगिता रोट्याक्ट | २ | ४०,०००। | २४९ |
| १९. | प्रथम चुदेर भलिबल प्रतियोगिता | ५ | २५,०००। | २४९ |
| २०. | शुक्लागण्डकी भलिवल प्रतियोगितामा सहभागी खर्च | | ६४,३००। | २४९ |
| २१. | भञ्ज्याङ्ग राष्ट्रिय दैनिक सहयोग | ३ | २५,०००। | ३२ |
| २२. | फुटसल लायन्स क्लव भानुभक्त प्रतियोगिता | | २५,०००। | २४९ |
| २३. | सुरज नेपाली छात्रवृत्ति | | १५,०००। | १९९ |
| २४. | पत्रकार पवन पौडेल अध्ययन सहयोग | ३ | ४०,०००। | १९९ |
| २५. | सदिक्षा पोखेल अनुसन्धान सहयोग | ४ | ३०,०००। | १९९ |
| २६. | तनहुँ नेत्रहिन संघ व्यवसाय प्रवर्द्धन सहयोग | | १,००,०००। | २०६ |
| २७. | जनयुद्ध अध्ययन प्रतिष्ठान कार्यक्रम सहयोग अतिन्द्रकेशरी न्यौपाने | | ५०,०००। | ६२ |
| २८. | एकीकृत महिला समूह कार्यक्रम सहयोग तुलसी गैह्रे | | ३०,०००। | २१८ |
| २९. | सहकारी दिवस मनाउने कार्यक्रम सहयोग | | २५,०००। | २३६ |
| ३०. | छाब्दी बसपार्कमा पार्किङ्ग शुल्क उठाउन लागेको खाजा खाना खर्च (१९७ छाक) २५०×५० = ३००।-<br>(भाद्र, मंसिर, पौष, माघ, फागुन, चैत्र र बैशाख १८ सम्मको) | | ५९,१००। | ६२ |
| ३१. | देवबहादुर घर्ती घर आगलागी | ७ | २०,०००। | विपद |
| ३२. | डिलमाया थापा घर आगलागी | ७ | २०,०००। | विपद |
| | | जम्मा : | **१७,०८,५४०।** | |

**<u>निर्णय नं.२४:</u>** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७८/०७९ को महालेखा परीक्षकको कार्यालयले दिएको प्रतिवेदन अनुसार देखिएका बेरुजु नियमानुसार फछ्र्यौट गर्ने निर्णय गरियो ।